# जन्तेढुङ्गा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः मितिः२०८२/०८/२९

## भागः२

**जन्तेढुङ्गा गाउँपालिकाको करारमा अनुदान शिक्षक, बालविकास सहजकर्ता, कार्यालय सहयोगी, विद्यालय सहायक कर्मचारी तथा सामुदायिक सिकाई केन्द्रका परिचालकहरुको व्यवस्थापन सम्बन्धि कार्यविधि २०७९ (पहिलो संशोधन २०८२)**

## जन्तेढुङ्गा गाउँपालिकाको करारमा अनुदान शिक्षक, बालविकास सहजकर्ता, कार्यालय सहयोगी, विद्यालय सहायक कर्मचारी तथा सामुदायिक सिकाई केन्द्रका परिचालकहरुको व्यवस्थापन सम्बन्धि कार्यविधि २०७९ (पहिलो संशोधन २०८२)

**१.संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम "जन्तेढुङ्गा गाउँपालिकाको करारमा अनुदान शिक्षक, बालविकास सहजकर्ता, कार्यालय सहयोगी, विद्यालय सहायक कर्मचारी तथा सामुदायिक सिकाई केन्द्रका परिचालकहरुको व्यवस्थापन सम्बन्धि कार्यविधि २०७९ (पहिलो संशोधन २०८२)" रहनेछ ।

**२. मूल कार्यविधिमा परिच्छेद-२ को दफा ४ को उपदफा क. मा संसोधनः**

क. कक्षा ९-१० वा ९-१२ सञ्चालन भएका विद्यालयहरुमा आधारभुत तह तथा माध्यमिक विद्यालयमा कुनै किसिमको दरवन्दी नभएको अवस्थामा अनुदानमा कम्तिमा २ शिक्षक सम्म गाउँ शिक्षा समितिको सिफारिस अनुसार कार्यपालिकाले दरबन्दी स्वीकृत गर्नेछ।

**३. मूल कार्यविधिमा परिच्छेद-३ को दफा ५ को उपदफा क. मा संशोधन**

क. जन्तेढुङ्गा गाउँपालिका भित्रका प्रत्येक सामुदायिक विद्यालयमा १ जना वालविकास सहजकर्ता रहनेछ तर प्रारम्भिक बाल कक्षामा १ जना पनि विद्यार्थी भर्ना नभएमा बालविकास सहजकर्ताको पद स्वतः खारेज हुनेछ ।

**४. मूल कार्यविधिमा परिच्छेद-४ को दफा ६ को उपदफा (१) ग. मा संशोधन**

ग. लिखित तथा मौखिक(अन्तर्वार्ता) दफा ८ बमोजिमको परीक्षा समितिको संयोजनमा गाउँपालिकामा नै सञ्चालन हुनेछ तर विद्यालय कर्मचारीको परीक्षा विद्यालयमा समेत गाउँपालिकाको स्वीकृतिमा लिन सकिनेछ ।

**५. मूल कार्यविधिमा परिच्छेद-४ को दफा ६ को उपदफा (१) छ. थप**

छ. बाल विकास सहजकर्ता र विद्यालय सहयोगीको वस्तुगत परीक्षाको गलत उत्तर वापत अंक कट्टा गरिने छैन ।

**६. मूल कार्यविधिमा परिच्छेद—४ दफा ७ को उपदफा छ. मा संशोधन**

छ. प्रारम्भिक वालविकास तह शिक्षकको योग्यता प्रविणता प्रमाण तह वा सो सरह उत्तिर्ण गरेको महिला हुनुपर्नेछ ।

**७. मूल कार्यविधिमा अनुसूची १ (परिच्छेद—४ दफा ६ सगँ सम्वन्धित) मा संशोधन**

<u>बालविकास सहजकर्ताको खुला प्रतियोगितात्मक परीक्षाको योजना र पाठ्यक्रम</u>

पद : बालविकास सहजकर्ता — तह : प्रारम्भिक बालविकास

भाग १ : लिखित परीक्षा — पूर्णाङ्क : १००

उत्तीर्णाङ्क : ५०

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या | समय | कैफियत |
|---|---|---|---|---|---|
| शिक्षा सम्बन्धी आधारभूत ज्ञान | १०० | बस्तुगत | ५० | १ घण्टा | ५० प्रश्न× २ अंकभार |

**८. मूल कार्यविधिमा अनुसूची २ (परिच्छेद—४ दफा ६ सगँ सम्वन्धित) मा संशोधन**

विद्यालय सहयोगी पाठ्यक्रम

सामान्य परीक्षाः पूणाङ्क-५०

| बिषय क्षेत्र | पूर्णङक | उत्तीणाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अंकभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा | ५० | २० | २५ | २ | बस्तुगत /बहुबैकल्किप | ४० मिनेट |

वस्तुगत प्रश्नहरु(सामान्य ज्ञान)

| क्र.स | विषयवस्तु तथा क्षेत्र | प्रश्न संख्या | एक प्रश्नको अंक भार |
|---|---|---|---|
| १ | नेपालको भुगोलको समान्य जानकारी | ४ | २ |
| २ | विद्यालय कर्मचारीका काम कर्तव्यहरुको सामान्य जानकारी | ३ | २ |
| ३ | कार्यालय संचालन र अभिलेख व्वस्थापन सम्बन्धी जानकारी | ३ | २ |
| ४ | जन्तेढुङ्गा गाउँपालिकाको सामान्य जानकारी | ३ | २ |
| ५ | चिठी पत्र दर्ता चलानी सम्वन्धी जानकारी | ३ | २ |
| ६ | शिक्षा सम्वन्धी जानकारी र दैनिक कार्यतालिका | ३ | २ |
| ७ | शैक्षिक संगठन(वहुकक्षा शिक्षण,विषय शिक्षण,बहुकक्षा शिक्षण सम्वन्धी जानकारी | ३ | २ |
| ८ | जन्तेढुङ्गा गाउँपालिकाको शिक्षा ऐन,२०७५(संशोधन सहित) | ३ | २ |

राजपत्रमा प्रकाशन भएको मितिः- संवत् २०८२ साल ८ महिना २९ रोज २ शुभम्

आज्ञाले

सुमन गुरागाई

प्रमुख प्रसाशकिय अधिकृत